प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**जथाभावी औषधीको प्रयोग नगरौं**

- जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ। त्यसैले,
- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३१९ ॥ २०८१ पुष २५ गते बिहिबार (9th Jan 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# संविधान संशोधनबारे प्रधानमन्त्रीको भनाईप्रति महामन्त्री शर्माको आपत्ति

झापा पुष २४ । सत्तारुढ नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले संविधान संशोधनबारे प्रधानमन्त्री केपी शर्मा ओलीको भनाईप्रति विमति जनाएका छन्। संविधान संशोधन २०८७ सालमा मात्रै गर्ने भनी प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीबाट अभिव्यक्ति आएको भन्दै उनले आपत्ति जनाएका हुन् । बुधवार झापाको कचनकवलमा आयोजित नेपाली कांग्रेसको कचनकवल-सगरमाथा जागरण अभियान शुभारम्भ कार्यक्रममा बोल्दै महामन्त्री शर्माले कांग्रेस र एमालेको वर्तमान सत्ता गठबन्धन रहेको बेला नै संविधान संशोधन गरेर जान्छौं भनेर सात बुँदे सहमति भएको स्मरण गराउँदै प्रधानमन्त्रीलाई प्रश्न गरेका छन् । 'प्रधानमन्त्रीले भन्नुभएको मैले सुनेँ यदि उहाँले एमालेको बैठक हुँदैगर्दा भन्नुभएको संविधान संशोधन २०८७ मा हुन्छ भनेर भन्ने हो भने त्यसमा म विनम्रतापूर्वक उहाँकै जिल्लाबाट गम्भीरतापूर्वक विमति राख्न चाहन्छु,' शर्माले भने, 'सात बुँदे समझदारी गर्दैगर्दा हामीले संविधान संशोधन आजको आवश्यकताको जगमा यसलाई पुनःमूल्यांकन गरेर संशोधन गर्ने भनेका छौँ । संविधान संशोधन गर्न निश्चय नै राष्ट्रिय सभामा माओवादी पार्टीको सहभागिता भएन भने दुईतिहाईको गणित पुग्दैन । हामीले संविधान संशोधन गर्नका लागि गणितीय रुपमा पुग्दैन भनेर ब्याक गियर लगाउने अवस्थामा हामी छैनौँ प्रधानमन्त्रीज्यू । प्रधानमन्त्री र हाम्रो पार्टी सभापतिले दुई मुख्य दलले सरकारमा रहेको बेला हामी मात्रै संविधान संशोधन गरेर जान्छौँ भनेर हामीले घोषणा गरेको होइन ?'

प्रधानमन्त्री ओलीले मंगलबार पार्टी केन्द्रीय समितिको समापन गर्ने क्रममा २०८७ सालमा मात्रै संविधान संशोधन हुन्छ भनेका थिए । शर्माले भने प्रधानमन्त्री ओलीको उक्त अभिव्यक्तिमा आपत्ति जनाएका हुन् । 'संविधान संशोधनको ढोका खोल्ने परामर्श भएको छ । सात बुँदे समझदारीमा त्यो लेखिएको छ । संविधान संशोधन गरिरहँदा के हो त, नागरिकको अपेक्षा ? के हो त पार्टीका साथीहरूको अपेक्षा ? गाउँगाउँको अपेक्षा के हो ? भन्ने विषयलाई




अध्ययन गरेर ल्याउनुपर्छ । चर्चामा रहेको जस्तो १६५ को संख्यालाई सय- सवा सयमा सीमित गरौँला त्यो ठूलो कुरा होइन तर हामीले संविधान संशोधन गर्दैगर्दा यी विषयहरूको संशोधन गर्नु नै छ,' शर्माले भने, 'समानुपातिकलाई व्यवस्थापन गर्ने कुरा त गर्नु नै छ । तर सबैभन्दा गहन रुपमा छलफल गर्नुपर्ने विषय अबको संविधान संशोधनपछाडि यो देशले ७० वर्षमा एक पटक लगातार पाँच वर्ष एउटै प्रधानमन्त्रीले शासन नगरेको देशमा पाँच वर्ष निरन्तर टिक्ने प्रधानमन्त्री बनाउने भन्ने पद्धतिको खोजी गर्नुपर्ने कर्तव्य छ ।'महामन्त्री शर्माले सबै राजनीतिक दलहरूलाई विश्वासमा लिएर संविधान संशोधन गर्न जरुरी रहेको बताए । बिनाछलफल २०८७ मा संविधान संशोधन गर्छौं भन्ने हक एमाले पार्टीका अध्यक्ष र कांग्रेसका महामन्त्री कसैलाई पनि नरहेको जिकिर गरेका थिए ।महामन्त्री शर्माले सबै राजनीतिक दलहरुलाई विश्वासमा लिएर संविधान संशोधन गर्न जरुरी रहेको बताए।

सरकारमा रहेका दुई राजनीतिक दलले सहमति र छलफल नगरी कसैलाई पनि संविधान संशोधनको मिति तोक्ने अधिकार नरहेको स्पष्ट पारे।

त्यस्तै नेपाली काँग्रेसका नेता कृष्णप्रसाद सिटौलाले जनताको पक्षमा संविधान संशोधन हुनुपर्ने बताए । जागरण अभियान शुभारम्भ कार्यक्रममा बोल्दै नेता सिटौलाले संविधान संशोधन कुनै पार्टी र व्यक्तिको पक्षमा हुन नहुने बताए । उनले जनताको हितमा बाधा गरेको ठाउँमा संविधान संशोधन हुनुपर्ने बताए । संविधान जारी भएपछि आजसम्मको राज्य सञ्चालनका बारेमा पनि समीक्षा जरुरी रहेको बताए । देशकै ठूलो राजनीतिक दल भएर पनि दोस्रो ठूलो दलका नेतालाई काँग्रेसले प्रधानमन्त्री मानेर अघि बढिरहेको बताए । सरकार एमालेको नेतृत्वमा भएपनि सैद्धान्तिक र नीतिगत रुपमा देशलाई अघि बढाउने सन्दर्भमा नेपाली काँग्रेस पार्टीको नीतिगत नेतृत्व रहेको उनको भनाई थियो । पार्टीका सहमहामन्त्री भिष्मराज आङदेम्बेले सबै भ्रष्टाचार काण्डका फाइल खोल्न ढिलाई गर्न नहुने बताउँदै अख्तियारले भ्रष्टाचार मुद्धाका फाइल खोल्न नसके उच्चस्तरीय संसदीय समिति बनाएर छानविन गरी दोषीमाथि कारबाही गर्नुपर्ने धारणा राखे । यसो नगरे राजनीतिक दलको पहिचान हराउने र दलप्रतिको जनविश्वास घट्ने उनको भनाई थियो ।

❖ बाँकी अन्तिम पृष्ठमा

**हार्दिक बधाई तथा शुभकामना**

यस निर्माण व्यवसायी संघ झापाको १६ औं साधारणसभाअन्तर्गत भएको निर्वाचनमा निर्वाचित हुनुहुने अध्यक्ष रमेश अधिकारी, प्रथम उपाध्यक्ष केदार गिरी , द्वितीय उपाध्यक्ष राजकुमार राई , तृतीय उपाध्यक्ष नयन बराल , महासचिव पुष्पराज निरौला , सचिव लोकेन्द्र श्रेष्ठ , कोषाध्यक्ष यज्ञनिधि भुर्तेल, सहकोषाध्यक्ष सुरेन्द्र धिमाल तथा सदस्यहरु कमला थाम्सुहाङ ,प्रवीण कट्वाल, मनोज उप्रेती, इन्जिनियर विवेक जवेगू , गंगाप्रसाद गौतम , दिनेश मैनाली , ज्ञानबहादुर तामाङ, इन्जिनियर डालिम खड्का , आशिष बान्तवा , उद्धव कुँवर र भरत भट्टराईलाई सफल कार्यकालको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै मलाई अध्यक्ष पदका लागि आफ्नो सम्मानजनक अमूल्य मत दिनुहुने सम्पूर्ण निर्माण व्यवसायीहरुप्रति आभार तथा कृतज्ञता प्रकट गर्दै मैले आम निर्माण व्यवसायीहरुका लागि उठान गरेको व्यवसायिक एजेन्डालाई सम्मान गर्दै दिनुभएको हौसलाले थप ऊर्जा मिलेको महसुस गरी आगामी दिनमा समेत पेशागत हकहितका निम्ति निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु ।


अध्यक्ष
रमेश अधिकारी


उपाध्यक्ष
केदार गिरी


द्वितीय उपाध्यक्ष
राजकुमार राई


तृतीय उपाध्यक्ष
नयन बराल


महासचिव
पुष्पराज निरौला


सचिव
लोकेन्द्र श्रेष्ठ


कोषाध्यक्ष
यज्ञनिधि भुर्तेल


सहकोषाध्यक्ष
सुरेन्द्र धिमाल


सदस्य
कमला थाम्सुहाङ


सदस्य
प्रवीण कट्वाल


सदस्य
मनोज उप्रेती


सदस्य
इन्जिनियर विवेक जवेगू


सदस्य
गंगाप्रसाद गौतम


सदस्य
दिनेश मैनाली


सदस्य
ज्ञानबहादुर तामाङ


सदस्य
इन्जिनियर डालिम खड्का


सदस्य
आशिष बान्तवा


सदस्य
उद्धव कुँवर


सदस्य
भरत भट्टराई

प्रोप्राईटर: इन्जिनियर प्रकाशकुमार सिंह

**सगरमाथा निर्माण सेवा** भद्रपुर-१० , झापा

# रेडक्रस बिर्तामोड उपशाखाको अध्यक्षमा अग्रवाल



बिर्तामोड(प्रस) । नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको अध्यक्षमा मनोज अग्रवाल सर्वसम्मत चयन भएका छन् । उपशाखाको आगामी चारवर्षे कार्यकालको लागि अध्यक्ष अग्रवालसहित सिङ्गो कार्यसमिति सर्वसम्मत भएको निर्वाचन अधिकृत चन्द्रप्रसाद चुडालले जानकारी दिए ।

समितिको उपसभापतिमा शिला भट्टराई बराल, सचिवमा निरजकुमार ओली, कोषाध्यक्षमा याम कार्की, उपसचिवमा रंगलाल न्यौपाने, उपकोषाध्यक्षमा गोवेन धिमाल चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा रेजिना गौतम, राजेन्द्र चौलागाँई, मिजास पोखरेल, ऋषभ बस्नेत र मनोजकुमार शाह निर्वाचित भएको निर्वाचन समिति सदस्य हेम खड्काले जानकारी दिए ।

उपशाखाको नयाँ नेतृत्वका लागि निर्वाचन समितिले तय गरेको निर्वाचन तालिका अनुसार सबै पदमा एक/एकजनाको मात्रै उम्मेद्वारी परेसँगै सिङ्गो कार्यसमिति सर्वसम्मत चयन भएको हो । बिर्तामोडको पञ्चकन्यामा आफ्नै भवन रहेको रेडक्रस उपशाखामा नियमित रक्त सञ्चार केन्द्र समेत सञ्चालन हुँदै आएको छ । नेपाल रेडक्रस जिल्ला शाखा भद्रपुर मातहतका अधिकांश उपशाखाको नयाँ नेतृत्व चयनको प्रक्रिया चलिरहेको छ । यसअघि हल्दिबारी, खुदुनाबारी, गौरादह, जलथललगायतका उपशाखामा नेतृत्व चयन भइसकेको छ भने केही उपशाखाहरुमा नेतृत्व चयनको प्रक्रिया चलिरहेको बताइएको छ ।

# प्रमुख जिल्ला अधिकारी बास्तोलालाई विदाई



झापा(प्रस) । बिर्तामोड उद्योग बाणिज्य संघसहित तीन दर्जनबढी संघ संस्थाले झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलालाई सम्मानसहित विदाई गरेका छन् ।
दुई दिनअघि गृहमन्त्रालयले झापासहित १२ जना प्रमुख जिल्ला अधिकारीको सरुवा गरेको थियो । बास्तोलाको सरुवा भएसंगै सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी झापाको प्रमुख जिल्ला अधिकारीको रुपमा आउने भएका छन् ।
गृहमन्त्रालय सरुवा भएका प्रमुख जिल्ला अधिकारी बास्तोलालाई बिर्तामोड उद्योग वाणिज्य संघसहित विभिन्न संघ संस्थाले संयुक्त रुपमा सम्मान गर्दै विदाई गरेका हुन् ।बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रमका बीच प्रमुख जिल्ला अधिकारी बास्तोलालाई कार्यक्रमका प्रमुख अतिथि शंकराचार्य पीठ साधुटारका व्यासाचार्य लक्ष्मीप्रसाद खतिवडाले कदरपत्र प्रदान गरेका थिए ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत शिखा खड्का गणेशले गरेकी थिइन् भने विभिन्न संघ संस्थाको प्रतिनिधित्व गर्दै वीरता लेडी जेसीजकी अध्यक्ष निशा शाक्यले शुभकामना मन्तव्य राखेकी थिइन् । कार्यक्रमको सञ्चालन बिर्तामोड उद्याेग वाणिज्य संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

# गैडाको खाग र लागूऔषधसहित भारतीय नागरिक पक्राउ




झापा(प्रस) । गैडाको खाग र लागूऔषधसहित काँकडभिट्टाबाट एक भारतीय नागरिक पक्राउ परेका छन् । बुधवार दिउँसो ३.३० बजे मेचीनगर नगरपालिका वडा नं. ६ काँकरभिट्टास्थित हिमालय गेस्ट हाउसको कोठा नं.१०२ बुकिङ गरी बसेका भारत पश्चिम बंगाल उत्तर मेन्दाबारी बस्ने नारायण रामधामले लागूऔषध ल्याई राखेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय काँकरभिट्टाको संयुक्त प्रहरी टोलीले कोठा तलासी लिएको थियो । तयसत्रममा इन्टेक्स लेखिएको काटुनभित्र १ के.जी. ७०० ग्राम तौल भएको गैडाको खाग, प्लाष्टिकसहित ३ ग्राम ७६० मिलिग्राम ब्राउनसुगर, पाइझभोन स्पास प्लस लेखिएको ट्याब्लेट १८ पत्ता, डिजिटल तराजु र मोवाईल १ थान फेला परेको थियो ।

उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको जिल्ला प्रहरी कार्यालयकी निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक मेहेगी ल्हामु तामाङले जानकारी दिएकी छन् ।


## प्राणघातक स्तन क्यान्सरबाट बचौं
## स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं




झापा गाउँपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा


# पर्यटन प्रवर्द्धन गर्न तीनदिने पदयात्रा

झापा(प्रस) । पर्यटन प्रवर्द्धन गर्न 'निसान पदमार्ग' मा बुधवारदेखि तीनदिने पदयात्रा शुरु गरिएको छ । नेपाल एकीकरणताका पूर्वी सीमा विजय गरेर गाडिएका निसान फर्काइएको मार्ग पहिचान गरी 'निसान पदमार्ग' निर्माण गरिएसँगै पदयात्राको कार्यक्रम आयोजना गरिएको इलामस्थित नेपाली सेनाको रणशार्दूल गणले जनाएको छ ।
नेपाल-भारत सिमाना जोडिएको मेची नदीको मुहानबाट इलाम सदरमुकामस्थित निसान स्थापना गरिएको माईस्थान मन्दिरसम्मको ४१ किलोमिटर पदमार्गमा पदयात्रा गरिने रणशार्दूल गणका प्रमुख प्रल्हाद घलेले जानकारी दिए । तत्कालीन श्रीनाथ पल्टनले पूर्वको भूभाग विजय गरेर गाडेका निसान सुगौली सन्धिपछि फर्काएर राखिएका स्थानलाई जोडेर पदयात्रा तयारी गरिएको हो ।
बुधवार बिहान मेची बजारबाट पदयात्राको औपचारिक थालनी भएको छ । यही पुष २६ गतेसम्म नेपाली सेना, स्थानीय जनप्रतिनिधि, पर्यटन व्यवसायी र सरोकारवालाको टोलीले पदयात्रा गर्ने भएको उनले जानकारी दिए । पदयात्राका लागि स्थानीयले ठाउँठाउँमा स्वागतको तयारी गरेका छन् । पदमार्गअन्तर्गत पर्ने सूर्योदय नगरपालिका, माईजोगमाई गाउँपालिका र इलाम नगरपालिकाका विभिन्न स्थानमा पदयात्रीको स्वागतका लागि स्थानीय जातजातिको झाँकीसहित स्वागतका कार्यक्रम तय गरिएको प्रमुख घलेले बताए । रणशार्दूल गणको पहलमा गत वर्षदेखि निसान पदमार्ग पहिचान गर्न थालिएको थियो । त्यसका लागि सूर्योदय नगरपालिका, माईजोमगाई गाउँपालिका र इलाम नगरपालिकाले सहयोग गरेको थियो । पुष २४ देखि मेची बजारबाट सुरु भएको पदयात्रा सूर्योदय नगरपालिकाको पूर्णेडाँडामा पुष २५ गते उद्घाटन गरी माईजोगमाईको नामसालिङस्थित हात्तीटारमा बास बस्ने कार्यक्रम छ ।
यही पुष २६ गते बिहान नामसालिङबाट पुनः सुरु भएको पदयात्रा माईबेनी हुँदै अहिले निसान र तोप राखिएको इलाम नगरपालिका-७ स्थित माईस्थान मन्दिरमा पदयात्राको समापन गरिने कार्यक्रम तय भएको इलाम नगरप्रमुख केदार थापाले बताए । रणशार्दूल गणको अगुवाइमा तीन पालिकाले संयुक्त रूपमा आयोजना गरेको पदयात्रामा करिब एक सयको हाराहारीमा सहभागी हुने रणशार्दूल गणले जनाएको छ ।

### संविधान...

अभियानको औचित्यमाथि प्रकाश पार्दै नेपाली कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले संगठन सुदृढीकरणमार्फत पार्टीभित्रको गुट-उपगुट अन्त्य गरी समग्र एकता कायम गर्ने, प्रजातन्त्र प्राप्तिका लागि पार्टीका अग्रज नेतृत्वहरुले गरेको इतिहासको खोजी र अभिलेखीकरण गर्ने, जनताको आर्थिक समृद्धि र विकासका आधारको अध्ययन र जलवायु परिवर्तनका पहिचान मुख्य चार एजेण्डा लिएर अभियान प्रारम्भ गरिएको जानकारी दिए ।

मुलुकमा राजनीतिक परिवर्तन भएपनि अब जनताको समृद्धिका आधार खोजी गरेर आर्थिक क्रान्ति नगरे राजनीतिक दलहरुको अस्तित्व संकटमा पर्ने बताउँदै नेता थापाले १४ जिल्लाका जनताको समृद्धिका आधार खोज्न अभियान थालिएको जनाए । अब राजनीतिक दलहरुलाई नयाँ ढंगले चलाएर जनजीविकासँग जोडिने खालका कार्यक्रमहरु ल्याउनुपर्ने उनको भनाई थियो ।
कार्यक्रममा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही, पूर्व अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, पार्टीका केन्द्रीय सदस्यहरु डा. डिला संग्रौला, लक्ष्मी परियार, हसन अन्सारी, कोशी प्रदेशका १४ जिल्लाका सभापतिहरु, नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका सचेतक गोपाल तामाङ, कोशी प्रदेश उपसभापति रमेशजंग रायमाझी, झापा क्षेत्र नंम्बर ३ का सभापति गणेश पोखरेल, कचनकवल गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीलगायतले मन्तब्य राखेका थिए ।
कोशी प्रदेश सभापति थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत प्रदेश राज्यमन्त्री भूमिप्रसाद राजवंशीले र धन्यवाद ज्ञापन झापा सभापति देउकुमार थेवेले गरेका थिए । त्यस अवसरमा ओमसाई पाथीभरा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरमा लगभग १२ सय जनाले स्वास्थ्य एवं आँखा उपचारसम्बन्धी सेवा लिएको नेपाली कांग्रेस कचनकबलका सभापति तुलाराम अधिकारीले जानकारी दिए ।यसैगरी नेपाल रेडक्रस सोसाइटी झापाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा २८ पिन्ट रगत संकलन भएको नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए ।
कार्यक्रममा पञ्चेबाजा, साकेला, च्याब्रुङ, लाखेनाच, तामाङसेलो, गुरुङ, मुस्लिम, राजवंशी, गन्धर्व, राजवंशी, सन्थाल, थारुलगायतका जातजातिको संस्कृति झल्कने झाँकी प्रस्तुत गरिएको थियो ।


Developing Trust & Sustainable It Soultion
FAST TRACK
IT SOLUTION

Branded Computers | Laptops | Smart Phones | Printers | CCTV Camera | Batteries | Accessories | Gadgets

OUR SERVICES
- Networking
- Software & Reprogramming
- Computer & laptop Accessories
- CCTV Camera & Security
- Computer & Printer Repairing

Sanischare Road Luitel Complex Birtamod, Jhapa
023-532354
ftis075@gmail.com
www.ftis.com.np



## समृद्ध नेपाल कृषि सहकारी संस्था लि.को यथाशिघ्र ऋण चुक्ता गर्न आउने बारेको १५ दिने जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति- २०८१ पुष २५ गते

यस सहकारी संस्थावाट ऋण लिई भाखाभित्र ऋण नतिरेका र पटक-पटक संस्थाबाट मौखिक तथा लिखित पत्राचार एवम् तारताकेता गर्दा पनि ऋण तिर्न नआएका तथा सम्पर्कविहीन भएर बसेका तपशिल अनुसारका भाखा नाघेका ऋणी सदस्यहरुलाई यथाशिघ्र कार्यालयमा सम्पर्क गरि ऋण चुक्ता गर्न आउनका लागि यो १५ दिने सूचना जारी गरिएको छ । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण नीति २०७८ अनुसार थप कानुनी कारवाहीका साथै ऋणी, धनजमानी तथा एकाघरका परिवारका सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति आदिबाट ऋण असुली प्रक्रिया अगाडी बढाईने यसै सूचनामार्फत सूचित गरिन्छ ।

तपशिल :

| ऋणीको विवरण | ऋणीको फोटो | धनजमानीको विवरण | जमानीको विवरण |
|---|---|---|---|
| नामः गोपाल प्रसाद आचार्य<br>पत्नीको नामः गिता आचार्य<br>बाबुको नामः बेदनिधि आचार्य<br>आमाको नामःहिमाकुमारी आचार्य<br>बाजेको नामः नरपति आचार्य |  | ऋणीको नाम- गोपाल प्रसाद आचार्य<br>बाबुको नामः बेदनिधि आचार्य<br>बाजेको नामः नरपति आचार्य<br>फोन नं ९८४२१५५८४२<br>स्थायी ठेगानाःटाँडी–५ मोरङ<br>ऋण रकमः ५,३६०००/– | नामःप्रदिप दाहाल<br>ठेगानाःधरमपुर–६<br>झापा |

समृद्ध नेपाल कृषि सहकारी संस्था लि.
प्रदेश सदस्य सेवाकेन्द्र
कोशी प्रदेश ,बिर्तामोड–४, झापा



## घर वहालमा लिने बारे सूचना

यस बैंकलाई नयाँ शाखा कार्यालय स्थापना गर्नको लागि तल उल्लेखित प्रमुख व्यापारिक क्षेत्रमा करिब १,००० देखि २,००० वर्गफिटसम्म क्षेत्रफलसहितको घर/फ्ल्याट (भुईतला वा पहिलो तलासम्म) आवश्यक भएकोले इच्छुक घरधनीहरुबाट शिलबन्दी बोलपत्र प्रस्ताव आव्हान गरिएको छ ।

| क्र.सं. | नयाँ शाखा कार्यालय स्थापना गरिने स्थान | प्रदेश/जिल्ला |
|---|---|---|
| १. | बुद्धशान्ति गाउँपालिका, बुधवारे, मुख्य बजार क्षेत्र | कोशी प्रदेश, झापा |

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रस्तावित वहाल क्षेत्र तथा वहाल रकम स्पष्ट उल्लेख गरी आवश्यक कागजात तथा विवरणसहित यस बैंकको सामान्य प्रशासन विभाग, कर्पोरेट कार्यालय, बिराटनगरमा आफ्नो प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रस्तावसँग पेश गर्नुपर्ने कागजातहरुः**
भाडामा दिने प्रस्तावित घरको फोटोसहितको Location Map, निर्माण स्वीकृत नक्साको प्रतिलिपी, निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपी, जग्गाको नापी नक्साको प्रतिलिपी, जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी तथा घरधनीको/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

अन्य शर्तहरुः
क) प्रस्तावित घरमा कुनै किसिमको स्वामित्व सम्बन्धी विवाद नभएको हुनुपर्नेछ ।
ख) प्रस्तावित शाखा कार्यालयको लागि वहालमा दिने स्थानको घर/फ्ल्याट करिब १,००० देखि २,००० वर्गफिटमा निर्माण सम्पन्न भएको हुनुपर्नेछ ।
ग) वहालमा दिने प्रस्ताव गरेको भवनमा अन्य बैंक वा वित्तीय संस्था नरहेको हुनुपर्ने छ ।
घ) प्रस्तावित घर मुल सडकसँग जोडिएको तथा सो घरको मोहडा मुल सडकतर्फ भएको हुनुपर्नेछ ।
ङ) प्रस्तावित घर आर.सि.सि. फ्रेम स्ट्रक्चरमा निर्माण भएको तथा स्तरीय फिनिसिङ भएको हुनुपर्नेछ ।
च) प्रस्तावित घर नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार सार्वजनिक बाटो (Right of Way) को क्षेत्रमा नपर्ने गरी निर्माण भएको हुनु पर्नेछ ।
छ) प्रस्तावित शाखा कार्यालयको लागि सवारी पार्किङ्ग सुविधा, जेनेरेटर राख्नको लागि आवश्यक स्थान, तथा विजुली पानीको पर्याप्त व्यवस्था भएको हुनुपर्नेछ ।
ज) घर वहालमा दिने अवधि कम्तिमा १० (दश) वर्षको हुनुपर्नेछ ।
झ) वहाल सम्बन्धी अन्य शर्तहरु आपसी सम्झौतामा तय गरिनेछ ।
ञ) कुनै पनि प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने तथा माथि उल्लेखित शर्तहरु परिवर्तन गर्ने अधिकार बैंकसँग सुरक्षित रहनेछ ।

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"
कर्पोरेट कार्यालय, मेनरोड, विराटनगर, मोरङ ।
फोन नं. ०२१-५१८१३५/३७, ९८०२७५२४९६


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# प्रहरी र स्थानीयबीच सहकार्य

समाज शब्दले राष्ट्रको भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण बासिन्दालाई जनाउँछ । समाजमा राज्यको विविध पक्ष सम्बद्ध दायित्व हुन्छ । राज्य सञ्चालनको आधारशिला समाज नै हुने भएकाले राज्यले समाजप्रति सधैं सम्मानित व्यवहार अपनाउनुपर्छ । यसको विपरीत नागरिकहरूले पनि राष्ट्रप्रति पूरा गर्नुपर्ने दायित्वबाट विमुख बन्नुहुँदैन । नागरिक र समाज एकअर्काका पूरक हुन् । हरेक नागरिकहरूका आ–आफ्नै इच्छा र आकांक्षा हुन्छन् । नागरिकहरूका आधारभूत इच्छा र आकांक्षा परिपूर्तिका निम्ति सबैको लागि उत्तिकै आवश्यकताको विषय शान्ति सुरक्षा नै हो । शान्ति सुरक्षा अनुभूतिजन्य भएमा मात्र नागरिक एवं समाजका गतिविधि सुचारु रूपले सञ्चालन हुन सक्छन् भन्ने कुरा सर्वविदितै छ । यसर्थ, अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गराउन राज्यकै जस्तो नागरिक समाजको भूमिका र दायित्व पनि समान हुन्छ ।

पछिल्लो समयमा नागरिक आफू भूमिका विहीन बन्ने तर आफूमा निहित सामान्य दायित्व पनि राज्य संयन्त्रलाई सुम्पने क्रम क्रमशः बढ्दै आएको छ । नागरिकहरूको यस्तो मानसिकता र व्यवहारले शान्ति सुरक्षा चुनौतीपूर्ण बन्न पुग्छ । दायित्व पन्छाउने प्रवृत्ति आफ्नै लागि घातक हुन्छ भन्ने कुराप्रति समाज सधैं सचेत रहनुपर्छ । शान्ति सुरक्षाप्रति आइलाग्ने कतिपय चुनौती पूर्व अनुमान गर्न सकिने भए पनि कुनबेला कस्तो चुनौती आइलाग्छ भन्ने कुरा यकिन गर्न सकिँदैन । खतरा ननिम्तिएसम्म शान्ति सुरक्षाको अवस्था सामान्य ठानिने भए पनि चुनौती आइलागे शतप्रतिशतै असुरक्षाको मात्रा बढेको ठानिने भएकोले नै सुरक्षाकार्य सधैं चुनौतीपूर्ण हुन्छ, भनिएको हो । यसैले चुनौती सामना गरी सुरक्षा व्यवस्था प्रभावकारी बनाउन नागरिक स्वयं पनि सचेत बन्नुपर्छ । सुरक्षा चुनौती निम्त्याउने अपराधिक घटना समाजभित्रै घट्ने तथा अपराधी पनि समाजमै रहने कुरा सर्वविदितै छ ।

भर्खरै सीमा अपराध नियन्त्रण गर्न झापाका स्थानीय सरकार र सशस्त्र प्रहरी बल, नेपालबिच सहकार्य गर्ने सहमति भएको छ । "सीमावासीसँग सशस्त्र प्रहरी" कार्यक्रमअन्तर्गत सीमासंग जोडिएका २३ वटा वडाका वडा अध्यक्ष तथा प्रतिनिधिहरुसंगको अन्तरक्रिया कार्यक्रममा सीमा सुरक्षा गरी सीमा अपराध नियन्त्रण गर्न स्थानीय सरकार र सशस्त्र प्रहरी बल, नेपालबिच समन्वय तथा सहकार्य गर्ने सहमति भएको हो । सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हेक्वा झापामा सशस्त्र प्रहरी बल, नेपाल नं.२ गण हे. क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईको प्रमुख आतिथ्यमा भएको अन्तरक्रिया कार्यक्रममा सीमामा प्रत्यक्ष सरोकार राख्ने स्थानीयवासीहरुसँगको सुमधुर सम्पर्क, समन्वय र सहकार्यले सीमा सुरक्षाको जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गरी संगठनले सीमा सुरक्षाको सवालमा राखेको लक्ष्यलाई पूरा गर्न सहज भएको निष्कर्ष निकालिएको छ । यो सकारात्मक कुरा हो । यो सम्बन्ध सँधै कायम राखिनु पर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# दिगो विकास लक्ष्यको स्थानीयकरण



• भुदेव झा

स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यको प्रक्रिया मंसिर मसान्तबाट सुरु भइसकेको छ । मंसिर मसान्तबाट बजेटको पूर्वतयारी सुरु गरी सभाबाट बजेट तथा कार्यक्रम स्वीकृतिपश्चात् बजेट पुस्तिका तयारी र छपाइ गर्ने कार्य साउन १५ गतेभित्र सक्नुपर्ने कानुनी व्यवस्था छ । सन् २०१५ मा नेपाललगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका लक्ष्य हासिल गर्नमा स्थानीय तहको भूमिमा महत्वपूर्ण रहेको देखिन्छ । यसै सन्दर्भमा स्थानीय तहको योजना तथा बजेट निर्माणमा संलग्न पदाधिकारीहरूमा दिगो विकास लक्ष्य र सोको स्थानीयकरण गर्ने प्रक्रिया सम्बन्धमा आवश्यक जानकारी हुनु पर्छ ।
दिगो विकास लक्ष्य विश्वव्यापी साझा विकासको रूपान्तरणकारी खाका हो । दिगो विकास लक्ष्यले जनता (पिपुल), पृथ्वी (प्लानेट), शान्ति (पिस), समृद्धि (प्रस्परिटी) र साझेदारी (पार्टनरसिप) विषयमा विश्वव्यापी सहकार्य र समन्वयको अपेक्षा गर्छ । दिगो विकास लक्ष्य संख्या १ देखि ५ सम्मले जनता, लक्ष्य संख्या ६ देखि ११ सम्मले समृद्धि, लक्ष्य संख्या १२ देखि १५ सम्मले पृथ्वी, लक्ष्य संख्या १६ ले शान्ति र लक्ष्य संख्या १७ ले साझेदारी विषयलाई समेटेको देखिन्छ । मानिसको जीवनमा समृद्धि र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको साझा खाका नै दिगो विकास लक्ष्य हो । नेपालले दिगो विकास लक्ष्यको कार्यान्वयन गरी समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने उद्देश्य लिएको छ । दिगो विकास लक्ष्य अहिले विश्वकै विकासको मूल एजेन्डाका रूपमा स्थापित भएको छ ।

नेपालले दिगो विकासका लक्ष्य कार्यान्वयनको मार्गचित्र २०१६-२०३० निर्धारण गरी कार्यान्वयन गरिरहेको छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका अहम् हुने हुँदा संघीयताको मर्म अनुसार आआफ्नो एकल तथा साझा अधिकारको सूची एवं कार्य जिम्मेवारी अनुसार दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्न आवश्यक छ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत सेवा, सार्वजनिक सेवाप्रवाह तथा स्थानीय पूर्वाधार जस्ता विषय स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने हुँदा स्थानीय तहको योजना र वार्षिक विकास कार्यक्रममा दिगो विकास लक्ष्यको मूलप्रवाहीकरण हुन सान्दर्भिक देखिन्छ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान लागत अनुमान तथा वित्तीय रणनीतिले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई चाहिने स्रोतको आकलन र स्रोतको सम्भाव्य क्षेत्र पहिचान गरेको छ । यस अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक औसत २० खर्ब २५ अर्ब रुपियाँ आवश्यक पर्ने अनुमान गरिएको छ । उक्त वार्षिक औसत रकममध्ये ११ खर्ब ११ अर्ब सरकारी क्षेत्रबाट सात खर्ब ३९ अर्ब निजी क्षेत्रबाट ८७ अर्ब सहकारी तथा गैरसरकारी क्षेत्रबाट र ८८ अर्ब घरपरिवार क्षेत्रबाट लगानी गर्नुपर्ने अनुमान गरिएको छ । निजी क्षेत्रबाट हुने लगानीमा वार्षिक औसत तीन खर्ब ६७ अर्ब र सरकारी क्षेत्रबाट हुने लगानीमा वार्षिक औसत दुई खर्ब १८ अर्ब नपुग हुने अनुमान गरिएको छ । उल्लेखित नपुग वित्तीय स्रोतले स्थानीय तहलाई समेत आफ्नो संवैधानिक एवं कानुनी जिम्मेवारी अनुसारका दिगो विकास लक्ष्यका लागि स्रोतको कमी पूरा गर्न विद्यमान स्रोतको उच्चतम परिचालन र अन्य क्षेत्रबाट स्रोत परिचालनका अवसर विस्तार गर्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्यको साङ्केतीकरणले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्य अनुसार आफ्ना कार्यक्रमलाई तादात्म्यता कायम गरी स्रोतको उच्चतम उपयोग गर्ने अवसर प्राप्त हुने छ ।

दिगो विकास लक्ष्यको कार्यसूची राष्ट्रिय तहमा मात्र सरोकार राख्ने विषय होइन् । दिगो विकासका १७ वटा लक्ष्य र १६९ परिमाणात्मक लक्ष्यमध्ये नेपालले कार्यान्वयन गरेका १६ वटा लक्ष्यका १५९ परिमाणात्मक लक्ष्यमध्ये ५८ परिमाणात्मक लक्ष्य स्थानीय तहसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन् । सार्वजनिक सेवाको मह□वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण, स्रोतसाधनको विकेन्द्रीकरण, वित्तीय हस्तान्तरण, जनसहभागितमूलक योजना प्रणाली र समावेशी स्थानीय सरकारका कारण दिगो विकास लक्ष्य हासिल गर्नमा स्थानीय तहको तत्परता देखिनु पर्छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य राखेको छ । नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने प्रावधान छ । संविधानको अनुसूची-८ मा उल्लिखित विषय स्थानीय तहको एकल अधिकार तथा अनुसूची-९ मा

उल्लिखित विषयहरू संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसार राज्यशक्तिको बाँडफाँट गरिएको छ ।

संविधानले संघीय शासन व्यवस्थालाई आत्मसात् गर्दै स्थानीय सरकारलाई सुशासन, विकास र समृद्धिको प्रमुख बाहकको भूमिका प्रदान गरेको छ । स्थानीय सरकारद्वारा जनताले शासनमा सहभागी हुने र लोकतन्त्रको प्रतिफल प्राप्ति गर्ने अवसर प्राप्त गर्छन् । संविधान तथा कानुनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्यबिच बलियो सम्बन्ध रहेको पाइन्छ । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवं संस्थागत विकास र सुशासन समितिमार्फत दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ । दिगो विकास लक्ष्यका शून्य गरिबी, भोकमरीको अन्त्य, मर्यादित काम तथा आर्थिक वृद्धि र असमानताको न्यूनीकरण जस्ता विषय स्थानीय तहको आर्थिक विकास क्षेत्रसँग सम्बन्धित रहेका छन् । स्थानीय तहको अधिकार क्षेत्रभित्र कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमन, स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालन तथा सहकारी विषय पर्ने भएकाले दिगो विकासको उपर्युक्त लक्ष्यहरूको स्थानीयकरण गर्नमा आर्थिक विकास समिति क्रियाशील हुनु पर्छ । साथै साना तथा मझौला उद्योगको प्रवर्धन, सिप विकास तालिममार्फत आयआर्जनका गतिविधि सञ्चालन, स्वावलम्बी समूह गठन तथा लघु वित्तलगायतका वित्तीय सेवाहरूमा पहुँच पुऱ्याउने कार्यक्रम स्थानीय वार्षिक विकास कार्यक्रममा समावेश गर्नु पर्छ ।
सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशिता जस्ता विषय पर्छन् । दिगो विकास लक्ष्यका स्वस्थ जीवन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र स्वच्छ खानेपानी तथा सरसफाइ सामाजिक विकास क्षेत्रसँग सम्बन्धित देखिन्छ । अतः दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गर्नमा स्थानीय तहको सामाजिक विकास समिति सक्रिय हुनु पर्छ । त्यसै गरी स्थानीय सडक, यातायात, विद्युत्, सहरी विकास र बस्ती विकासको विषय स्थानीय पूर्वाधार विकासको क्षेत्राधिकारभित्र रहेको र उक्त विषय दिगो विकास लक्ष्यका धान्न सक्ने र सफा ऊर्जा, उद्योग नवीनता एवं पूर्वाधार र दिगो सहर र समुदायसँग सम्बन्धित रहेकोले पूर्वाधार विकास समितिले उक्त लक्ष्यको स्थानीयकरण गर्नमा ध्यान पुऱ्याउनु पर्छ ।

वातावरणीय दिगोपनाको सन्दर्भमा पनि दिगो विकास लक्ष्य जोडिएका छन् । यद्यपि समुद्रमुनिको जीवन नेपालकै सन्दर्भमा लागु नहुने भएकाले बाँकी तीन वटा लक्ष्य मात्रै स्थानीय तहको वातावरण संरक्षणक्षेत्रभित्र परेको देखिन्छ । उक्त क्षेत्राधिकारभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहोरमैला व्यवस्थापन र विपत् व्यवस्थापन विषय रहेका छन् । दिगो विकास लक्ष्य अन्तर्गत दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता, जलवायुसम्बन्धी कार्य र जमिनमाथिको जीवन जस्ता वातावरणीय दिगोपनाको विषय स्थानीय तहको एक्लो प्रयासभन्दा पनि संघघ र प्रदेश सरकारसँग समेत समन्वय एवं सहकार्य हुन आवश्यक देखिन्छ । यस्तो समन्वय एवं सहकार्यका लागि वातावरण संरक्षण समिति सक्रिय हुनु पर्छ । दिगो विकास लक्ष्यका शान्ति, न्याय र सबल संस्था र विश्वव्यापी साझेदारी स्थानीय तहको संस्थागत विकास तथा सुशासन क्षेत्रसँग सम्बन्धित विषय हुन् । त्यसैले स्थानीय तहको संस्थागत विकास तथा सुशासन समितिको क्रियाशीलताले स्थानीय तहको संस्थागत विकास र सुशासनसँगै दिगो विकास लक्ष्यका उक्त दुई वटा लक्ष्यको स्थानीयकरणमा समेत योगदान पुऱ्याउने छ । दिगो विकास लक्ष्य कार्यान्वयन र अनुगमनका लागि केन्द्रमा सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा संस्थागत समितिको व्यवस्था छ । त्यसै गरी प्रदेशमा मुख्यमन्त्रीको नेतृत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन समिति रहने व्यवस्था छ । दिगो विकास स्थानीयकरण स्रोत पुस्तिका, २०७७ अनुसार स्थानीयस्तरमा प्रमुख/अध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन समिति रहने व्यवस्था रहेको छ । जसमा उपप्रमुख/उपाध्यक्ष उपसंयोजक, प्रमुख प्रशासकीय अधिकृत, प्रमुख/अध्यक्षले मनोनित गरेको निजी क्षेत्र र नागरिक समाजको एक जना महिलासहित तीन जना सदस्य रहने तथा योजना हेर्ने महाशाखा/शाखा प्रमुख सदस्य-सचिव रहने व्यवस्था छ । दिगो विकास लक्ष्यको साङ्केतीकरण गर्न र यसको कार्यान्वयनको अवस्थाबारे गाउँ/नगरपालिका तहमा प्रगति समीक्षा, विकास समस्या समाधान गर्न र दिगो विकास लक्ष्यसम्बन्धी प्रगतिको मूल्याङ्कन र प्रतिवेदनसमेतका लागि उपर्युक्त संयन्त्र क्रियाशील गराउनु पर्छ ।

त्यसै गरी स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियासँगै दिगो विकास लक्ष्यको साङ्केतीकरणसम्बन्धी कार्य सम्पादन व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा लेखा प्रमुख, सूचना शाखा प्रमुख र योजना महाशाखा/शाखा प्रमुखसहितको दिगो विकास साङ्केतीकरणसम्बन्धी कार्यसम्पादन समिति रहने व्यवस्था छ । स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमासँगै दिगो विकास लक्ष्य साङ्केतीकरणको व्यवस्था मिलाउने, बजेट तथा कार्यक्रमको सूत्रमा प्रविष्टीसम्बन्धी कार्य गर्ने र वार्षिक बजेटमा दिगो विकास लक्ष्य र विषयगत समिति अनुसार बजेट विनियोजनको खण्डीकृत तथ्याङ्क प्राप्त गर्ने काम उक्त समितिको रहेको हुन्छ ।
वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण तथा कार्यान्वयन गर्न उपलब्ध संयन्त्र भए तापनि अधिकांश स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत एवं कर्मचारीका लागि यो विषयमा कर्मकाण्डी रूपमा मात्रै प्रशिक्षित
गरिँदै आएको देखिन्छ । बजेटका क्रियाकलापलाई दिगो विकास लक्ष्य अनुसार सङ्केत कायम गर्न जनप्रतिनिधि एवं कर्मचारीमा क्षमता विकास गर्न आवश्यक छ । यसर्थ स्थानीय योजना तथा कार्यक्रममा दिगो विकासको लक्ष्यको स्थानीयकरण गर्नका लागि स्थानीय आवश्यकता एवं प्राथमिकताको पहिचान तथा नीतिगत पूर्वाधारको निर्माण गरी उपलब्ध स्रोतसाधनको परिचालन गर्नु पर्छ । त्यस्तै मौजुदा संस्थागत संयन्त्रलाई पूर्ण रूपमा क्रियाशील बनाउनु पर्छ ।

# नतिजामुखी निजामती सेवाको अपेक्षा



• सरोज भट्टराई

लामो समयदेखि विचाराधीन निजामती सेवा विधेयकमाथिको गम्भीर बहस अहिले भइरहेको छ । देशमा निजामती सेवा सङ्गठनलाई व्याप्त र चकित पारेको ट्रेड युनियनवादको धेरै आलोचनाको विषयलाई बाहिर निकाल्न सांसद र निजामती कर्मचारी युनियनले ध्यानाकर्षण गराएका छन् । राजनीतिक विभाजन र सार्वजनिक प्रशासन विज्ञहरूले पनि एकमतले निजामती कर्मचारीतन्त्र सफा गर्न आह्वान गर्नु र राजनीतिक दलहरूलाई दलगत समूहमा गठित राजनीतिक नोकरशाहीमार्फत निजामती कर्मचारीलाई टुक्रयाउन प्रतिबन्ध लगाउनु संयोग मात्र होइन । निजामती कर्मचारीहरू आह्वानको विरोध गर्न एकजुट भएर उभिए पनि दलगत अभिमुखीकरणमा निजामती कर्मचारीलाई टुक्र्याएर ध्रुवीकरण गर्ने दलवादी समूहको निजामती कर्मचारीतन्त्रलाई हटाउन सशक्त दबाब दिन सांसदहरू कटिबद्ध देखिनुहुन्छ ।

नेपाली कांग्रेस र नेकपा (एमाले) वर्तमान गठबन्धन सरकारका प्रमुख साझेदार भएकाले यी दुई प्रमुख दलले लामो समयदेखि प्रतिनिधि सभामा विचाराधीन विधेयकलाई समसामयिक आवश्यकता र मागलाई प्रतिविम्बित गर्ने स्थितिमा छन् । यसबाहेक यी गठबन्धन साझेदारको संघ संरचना र तिनीहरूको शक्तिको हिसाबले निजामती कर्मचारीतन्त्रमा ठुलो पकड भएकाले निजामती कर्मचारीलाई पक्षपातपूर्ण हस्तक्षेपबाट मुक्त गर्न निजामती कर्मचारीलाई मनाउन सक्छन् । सञ्चार माध्यममा आएका समाचार अनुसार निजामती सेवाबाट निवृत्त हुने उमेरको हद, संवैधानिक भावना अनुसार निजामती कर्मचारीको सङ्गठन र जवाफदेहिता जस्ता विषय विवादित भएका छन् ।

### संगठन र व्यवस्थापन सर्वेक्षण

निजामती सेवाको संघीय पुनर्गठनसँग सम्बन्धित विषय बुझ्नका लागि नेपालको संविधान जारी भएपछि कर्मचारीतन्त्रको पुनर्संरचनाका लागि चालिएका केही कदमबारे कुरा गर्न आवश्यक छ । केन्द्रीकृत एकात्मक प्रणालीको कार्यक्षेत्रलाई संघीय राज्यको संरचना, सङ्गठन र व्यवस्थापन सर्वेक्षण गरिएको थियो र तीन तहका सरकारको सङ्गठनात्मक संरचना र कर्मचारीको संख्या काम परिभाषित गरिएको थियो । कर्मचारी समायोजन ऐन कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहको संरचनामा समायोजन गर्ने संवैधानिक व्यवस्थाबमोजिम बनेको हो । २०७२ सालको निर्वाचनपछि बनेको संघीय सरकारलाई कर्मचारी समायोजन ऐन पारित गर्न झन्डै एक वर्ष लाग्यो । यो ढिलाइले कानुन निर्माण र उपराष्ट्रिय स्तरमा नीति तथा कार्यक्रमको कार्यान्वयन जस्ता महत्वपूर्ण प्रादेशिक र स्थानीय सरकारका काममा प्रभाव पारेको छ तर संसदीय कानुन निर्माणको प्रक्रियामा ढिलाइ हुने समस्याग्रस्त मुद्दा भनेको राजनीति र नागरिक प्रशासन (निजामती प्रशासन) बिचको सीमाङ्कनको धमिलोपन भनिन्छ । नेपालमा संघीयताको संवैधानिक र शासकीय सिद्धान्त अनुरूप सुविचारित रणनीति र प्रभावकारी प्रशासनिक पुनर्गठनबिना नै संघीयता कार्यान्वयन भएको नेपालमा यो एउटा विवादास्पद मुद्दा बनेको छ ।

विभिन्न तहका निजामती कर्मचारीको भर्ना, नियुक्ति, पुरस्कृत र दण्डित गर्ने अयोग्य कर्मचारीतन्त्रको एकीकृत प्रणालीलाई निरन्तरता दिइएको छ । आज प्रदेश र स्थानीय तहका प्रमुख कर्मचारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रदेश र स्थानीय सरकारसँग परामर्श र सहमतिबिना भर्ना र सञ्चालन भइरहेका छन् । यसले संघीयताको स्वशासन र साझा शासन सिद्धान्तको हनन गरेको छ । वास्तवमा प्रदेश र स्थानीय सरकार दुवैले आआफ्नो क्षेत्रभित्र काम गर्ने निजामती कर्मचारीलाई नियुक्ति र कटौती गर्नका लागि सर्त तय गर्न अख्तियार र स्वायत्त स्थान प्रयोग गर्न व्यावहारिक रूपमा सक्षम हुनु पर्छ ।

निजामती कर्मचारी आफ्नो सदाबहार हितको रक्षा गर्ने केन्द्रीय निकायहरूप्रति आफ्नो प्रशासनिक नियन्त्रण र उत्तरदायित्व जारी राख्ने पक्षमा देखिन्छन । नेपालको संघीयता प्रक्रिया विशेष गरी प्रशासनिक हस्तान्तरण र कर्मचारी व्यवस्थापनसँग सम्बन्धित समस्याका कारण समस्यामा परेको छ । केन्द्रीय तहमा योजना र कार्यान्वयन हुने विभिन्न कार्य संवैधानिक रूपमा संघीय व्यवस्था अन्तर्गत प्रदेश र स्थानीय सरकारलाई दिइएको हुनाले नवनियुक्त कार्य कार्यान्वयन गर्न उपराष्ट्रिय क्षमता अभिवृद्धि गर्न आवश्यक छ । उपराष्ट्रिय सरकारको मातहतमा तालिमप्राप्त र दक्ष जनशक्ति लगायतको पर्याप्तता उपलब्ध गराइएमा मात्रै यो क्षमता बढाउन सकिन्छ ।

### नतिजामुखी कर्मचारीतन्त्र

संघीयताको मर्मविपरीत निजामती कर्मचारीतन्त्रको ४५ हजार पुँजी केन्द्रमा रहेको संघीय सरकारसँग कायम छ । संविधानले संघीय तहमा मन्त्रालय र विभागको संख्या सीमित गरेकोले नयाँ सङ्गठन र व्यवस्थापन सर्वेक्षणबाट कर्मचारीतन्त्रको आकारलाई राम्ररी घटाउनुपर्ने भए पनि त्यो हुन नसकेको देखिन्छ । ठुला ठुला कर्मचारीतन्त्रको संरचना पुनर्गठन नगरी राखिएको छ । केन्द्रीय कर्मचारीतन्त्रमा सम्मिलित सम्भ्रान्त कर्मचारीहरू प्रायः उपराष्ट्रिय सरकारको मातहतमा काममा सामेल हुन प्रतिरोध गरेको पाइन्छ । बरु माथि उल्लेख गरिए झैँ, कर्मचारीतन्त्र दलीय राजनीतिको पक्षमा छ र दलीय रेखामा टुक्रिएको छ । आवर्ती खर्चको बढ्दो आकारले सङ्केत गरेको राष्ट्रिय राजस्वको ठुलो हिस्सा निजामती कर्मचारीतन्त्रमा खर्च भइरहेको छ । यसका बाबजुद पनि जनताको अपेक्षा अनुरूप काम गर्न असफल भएको छ । कर्मचारीतन्त्रलाई नतिजामुखी र नागरिक केन्द्रित नगरेसम्म प्रदेश र स्थानीय तहको संरचनात्मक र कार्यात्मक व्यवस्थाले आमजनतालाई कुनै अर्थ राख्दैन । नेपालमा व्यावसायिक, संघीय र सक्षम, नागरिक केन्द्रित निजामती सेवाको आवश्यकतालाई सम्बोधन गर्न संघीय सरकारले यी पक्षहरूलाई ध्यानमा राखेर निजामती सेवा ऐन तुरुन्तै लागु गर्ने अपेक्षा गरिएको छ ।

# जागरण अभियानले केचनाको मुहार फेर्ला त ?

• द्रोण अधिकारी

भद्रपुर । बिरलै राजनीतिक नेतृत्वको पाइला पर्ने नेपालकै होचो स्थान झापाको कचनकवलमा बुधवार निकै तामझाम र सिंगारपटारको दृष्य देखिन्थ्यो ।

पहिचान पाउन सके नेपालका अतिव्यस्त पर्यटकीय स्थलभित्र पर्नसक्ने कचनकवलको स्तम्भ राजनीतिले समेट्न नसकेको अभागी भूगोलमा भएको प्रष्ट हुने आधार भौतिक पूर्वाधारका संरचनाको टिठलाग्दो परिवेश र सडकको दुरावस्थाले प्रष्ट्याइरहेको थियो ।

राजनीति गर्नेहरूले धेरै पटक यही होचो भूगोललाई देखाएर निर्वाचन जिते पनि होलान् तर, त्यस भूगोलले कहिलै जितेको अनुभूति नागरिक स्तरमा गर्न सकेको छैन ।

व्यवस्थित सडक, शुद्ध पिउने पानीको उचित प्रवन्ध, कचनकवलको पहिचानको रूपमा रहेको स्तम्भको मर्मत संहारको व्यवस्थापन मात्र राजनीतिक नेतृत्वले गरिदिने हो भने पिछडिएको क्षेत्रको पहिचानबाट कचनकवलले मुक्ति पाउने थियो ।

काँग्रेसको जागरण अभियानको उद्देश्य सायद यहि भए, अलपत्र केचना रिङरोड र स्तम्भ निर्माणले गति पाउला । होइन भने चर्चाका लागि एक दिन झिलिमिली केचना स्तम्भ बनिएर बिगत जस्तै अलपत्र कचनकवल रहला ।



यसैबीच नेपाली कांग्रेस कोशी प्रदेशको आयोजनामा नेपालकै होचो स्थानको पहिचान बनाएको झापाको कचनकवलबाट संसारकै अग्लो स्थान सगरमाथासम्मको जागरण अभियान सुरू गरिएको छ । नेपालको सबैभन्दा होचो भूभाग रहेको दक्षिणी झापाको कचनकवल स्तम्भबाट सो अभियान सुरू गरिएको हो ।

केचना–सगरमाथा जागरण अभियान नाम दिइएको पदयात्राको कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा तथा पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलालगायतका नेताहरूले अभियानको शुभारम्भ गरेका थिए ।

अभियानमा कोशी प्रदेशका १४ जिल्लाका सभापतिसहित नेता कार्यकर्ता सहभागी भएका थिए । अभियानमा स्थानीय स्तरका धेरै नेता कार्यकर्ताको समेत उपस्थिति रहेको थियो ।

सो अभियान आगामी असार २० गते विश्वकै अग्लो चुचुरो सगरमाथामा पुगेर समापन गरिने नेपाली कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले बताए ।

उनले संगठन सुदृढीकरण, ऐतिहासिक खोज, सम्वृद्धिको आधार, जलवायु परिवर्तन प्रभाव र पहिचानको उद्देश्य राखेर अभियान सञ्चालन गर्न लागिएको जानकारी दिए ।

अभियानले नेपालको होचो भूभाग कचनकवलको पहिचान र समग्र विकासलाई समेत अगाडि बढाउन सहयोग पुग्ने बिश्वास राखिएको छ । अभियान सात महिनासम्म चल्ने छ ।

समुन्द्र सतहदेखि ५८ मिटर उचाईमा नेपालकै होचो भूभागमा कचनकवल स्तम्भ रहेको छ ।सायद राजनीतिक रूपमा अभियानको थालनी भएको पहिलो कार्यक्रम कचनकवल स्तम्भले पाएको भए पनि यहाँको विकासका लागि काँग्रेसले सही बाटो लिन नसकेको स्थानीयको दुखेसो छ । यही क्षेत्रबाट एमाले, काँग्रेस र राप्रपाका नेताहरू राजनीतिक रूपले स्थापित भए पनि नेपालको होचो भूगोलको पहिचान उच्च बनाउन कुनै पनि नेताले योगदान भने दिन सकेका छैनन् । केचनाको पछौटेपनलाई राजनीतिक मसला बनाएर अग्रगामी विकासको नारा चर्काउँदै निर्वाचन जिते पनि यस क्षेत्रमा सडक, बिजुली बत्ती, पिउने पानी, शिक्षा, स्वास्थ्य र रोजगारका समस्या बिगत र वर्तमानमा फरक हुन सकेका छैनन् ।

सिमान्त बस्ती केचनामा व्यवसायिक कृषिको संरक्षण हुन नसक्दा भारतीय कृषि उपजले अतिक्रमण गर्दा नेपाली कृषक पलायन भइहेका छन् । कृषिमा मल, बीउ, सिंचाइमा छिमेकी भारतको कृषि उपजसित यहाँका कृषकले प्रतिष्पर्धा गर्न सकेका छैनन् । काँग्रेसको जागरण अभियानले कचनकवलका समस्या पहिचान गर्ला कि नगर्ला ? नागरिकको प्रश्नले उत्तर खोजिरहेको छ ।

# हिमपात परेसंगै जाडो बढ्यो

झापा(प्रस)।पहाडी क्षेत्रमा हिमपात परेसंगै पूर्वी नेपालमा जाडो बढेको छ ।

कोशी प्रदेशको पाँचथर ,ताप्लेजुङ, संखुवासभालगायतका जिल्लामा हिमपात भएको हो । पाँचथरका उच्च पहाडी र हिमाली क्षेत्रमा झनै चिसो बढेको छ ।

सामान्य वर्षासँगै जिल्लाको उच्च हिमाली क्षेत्रमा हिमपात सुरु भएको छ । तीन हजार सात सय ९४ मिटरको उचाइमा पर्ने तीर्थस्थल



पाथीभरा मन्दिरसहित जिल्लाका उत्तरी उच्च क्षेत्रमा हिमपात भएपछि जनजीवन प्रभावित भएको छ ।

पाथीभरा मन्दिर जाने पदमार्गअन्तर्गत फेदीको बस्तीसहित सोभन्दा माथि हिमपात भइरहेको फेदीस्थित प्रहरी चौकीका हबल्दार मिलन कटुवालले जानकारी दिए । हिमपात भए पनि जनजीवनमा सामान्य रहेको उनले बताए ।

यसपटक लामो समयपछि जिल्लाको केही ठाउँमा सामान्य वर्षा भएको हो । हिउँद लागेपछि लामो समयसम्म पानी नपर्दा हिउँदे बालीनाली लगाएका किसानलाई भने समस्या भइरहेको थियो । सामान्य वर्षा र हिमपात हुन सुरु भएपछि भने यसले केही राहत पुग्ने किसानले बताएका छन् ।

केही दिनयता चिसो बढेसँगै पाथीभरामा तीर्थयात्रीको आगमनको संख्या घटेको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले बताए ।

पाँचथरको फालेलुङसँगै आसपासका क्षेत्रमा यो वर्ष पहिलो पटक हिउँ परेको छ । हिजो साँझ फालौट, चाररातें,तीनसिमाना, सुर्केथामसँगै इलाम पाँचथरको सीमावर्ती सन्दकपुर क्षेत्रमा हिउँ परेको हो ।

यी क्षेत्रमा यो वर्ष पहिलो पटक हिउँ परेको चाररातेका पर्यटन व्यवसायी डिल्ली केरुङले जानकारी दिए । केरुङका अनुसार हिउँ परेपछि त्यस क्षेत्रका चौँरीखर्क सेताम्मे भएका छन् । बिहान उज्यालो हुनासाथ घाम लागेकाले चौँरीका बथान हिउँले ढाकेका चौरमा निस्कँदा निकै रमणीय देखिएको थियो ।साँझ ७ देखि ९ बजेसम्म हिउँ परेको थियो । हिउँसँगै हल्का वर्षा भएकाले

उता संखुवासभाको माथिल्लो क्षेत्रमा हिमपात हुँदा जनजीवन प्रविभात भएको छ । चैनपुर नगरपालिका-१ गुफापोखरी आसपास गएरातिदेखि हिमपात भएको स्थानीयवासी आङकाञ्जु शेर्पाले बताए ।

उनका अनुसार गुफापोखरी, मङ्गलबारे, किमाथाङ्का र मकालुलगायतका क्षेत्रमा रातिदेखि हिमपात हुँदा जनजीवन प्रभावित बनेको हो । चिसोले बालबालिका, वृद्धवृद्धा र पशुचौपाया बढी प्रभावित भएको जनाइएको छ ।

# ‘चालकसँग दुई मिनेट कार्यक्रम’



झापा(प्रस) ।सोलुखुम्बुमा यस वर्षको पहिलो वर्षा तथा हिमपात भएसँगै सोलुखुम्बु प्रहरीले ‘चालकसँग दुई मिनेट कार्यक्रम’ सुरु गरेको छ ।

वर्षासहितको हिमपातपछि सडकमा हिउँ तथा पानी जमेर धेरै चिप्लो र हिलाम्मे हुँदा दुर्घटनाको जोखिम बढ्ने भएकाले सुरक्षित यात्राका लागि सवारी चालकहरुसँग दुई मिनेट कार्यक्रम सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसादघिमिरेले बताए ।

जिल्लामा सवारी साधन भित्रिने तथा बाहिरिने मुख्य नाका पत्तालेलगायतका क्षेत्रमा प्रहरीले सुरक्षितयात्राकालागिसबैचालकहरुलाई रोकेर सम्भावित खतरा र सुरक्षित यात्राबारे दुई मिनेट सचेत गराउने कार्य सुरु गरिएको उनले जानकारी दिए ।

उनका अनुसार प्रहरी चौकी केरुङको पत्ताले र अस्थायी प्रहरी चौकी रमितेबाट सवारी चालकहरूसँग सचेतना कार्यक्रम सुरु गरिएको हो । त्यस क्षेत्रका विभिन्न सडक खण्डमा लामो समयसम्म हिउँ रहने तथा पानी जमेर बरफ बन्ने गर्दछ । यसअघिका वर्षहरुमा पनि चिप्लिएर दुर्घटना हुने गरेको थियो ।

अझ नियमित सञ्चालन हुने यातायातका साधनभन्दा यो सिजनमा पहिलो पटक पुग्ने यातायातका साधनलाई हिउँ पग्लिएर जमेको बरफमा हुने चिप्लोबारे पनि जानकारी नहुने भएकाले यो प्रभावकारी हुने बताइन्छ । सल्लेरीबाट राजधानीलगायत टाढाका लागि छुट्ने सवारी साधन बिहान झिसमिसेमै छुट्ने हुँदा बरफमा दुर्घटनाको जोखिम बढी हुने भएकाले सजग हुनुपर्ने यात्रुहरु बताउँछन् ।

# कोरिया पठाउन ढिलाइ गरेको भन्दै आन्दोलन

झापा(प्रस) ।रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत भाषा परीक्षा पास गरे पनि कोरिया पठाउन ढिलाइ गरेको भन्दै आन्दोलन सुरु भएको छ । भाषा परीक्षा पास गरेको एक वर्ष बितिसक्दा समेत दक्षिण कोरिया जान नपाएकाहरू आन्दोलनमा उत्रिएका हुन् ।

दक्षिण कोरियाले एचआरडी कोरियामार्फत सन् २०२३ मा सिप बिल्डिङ क्षेत्रका लागि ईपीएस मार्फत कामदार माग गरेको थियो, जसमा ३५ हजार नेपालीले आवेदन भरेका थिए । तीमध्ये चार हजार जनालाई भाषा परीक्षामार्फत छनोट गरिएको थियो । छनोट भएकामध्ये हालसम्म ३१४ जनामात्रै कोरिया पुगेको ईपीएस कोरिया शाखाले जनाएको छ । थप ४७८ जनाको एलसी जारी भएको छ ।

एक वर्षदेखि कुरेर बस्दासमेत कोरिया जान नपाएको भन्दै भाषा परीक्षा पास गरेकाहरूले ग्वार्कोमा रहेको ईपीएस कार्यालय घेराउ गरेका छन् । उनीहरूले शाखाका निर्देशक राजकुमार राईलाई ध्यानाकर्षण पत्र समेत बुझाएका छन् ।

‘नलैजाने भए पास किन गरेको ? ३५०० जनाको भविष्यमाथि खेलवाड गर्न पाइँदैन । ६ पटकसम्म ज्ञापनपत्र बुझाउँदा कुनै सुनुवाइ भएको छैन । हरेक पटक ईपीएस कार्यालय प्रमुखलाई भेट्न जाँदा चाँडै हुन्छ भनेर सान्त्वना दिने काममात्रै भयो । तर, कहिले जान पाउने टुङ्गो भएन,’ भाषा पास गरेर कोरिया जाने तयारीमा रहेका एक युवाले भने ।

उनीहरूले पछिल्लो पटक मंसिर १० गते ज्ञापनपत्र बुझाएका थिए । त्यो बेला ईपीएस कोरिया शाखाका निर्देशक राईले एक हप्ताभित्र माग सम्बोधन गरिने आश्वासन दिएको ती युवाले बताए । तर, एक महिनाभन्दा बढी समय बितिसक्दा पनि कुनै पहल नभएपछि बाध्य भएर आन्दोलन गर्नुपरेको उनको भनाइ छ ।

# कोशी प्रदेशले कृषि कर्जामा ब्याज अनुदान दिने



झापा(प्रस) । कृषि र पशुपालनमा अनुदानको दुरुपयोग बढेको गुनासोपछि कोशी प्रदेश सरकारले ब्याजमा अनुदान दिने कार्यविधि कार्यान्वयनमा ल्याउने भएको छ । पुष १८ गते बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले ‘कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन कार्यविधि’ पारित गरेको छ ।

कार्यविधिमा ब्याज अनुदान प्रदान गर्न कर्जा सहजीकरण डेस्क स्थापना गर्नेदेखि अनुगमनका लागि छुट्टै समिति निर्माण गर्नेसम्मका व्यवस्था छन् ।

‘यो अनुदानको फरक मोडल हो । विगतमा अनुदान दुरुपयोग भयो वा अनुदानबाट आउनुपर्ने रिजल्ट आएन भनेर हामीले नयाँ मोडल बनाएका हौं,’ उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डाक्टर शरणकुमार पाण्डेले भने, ‘राजपत्रमा प्रकाशित हुने चरणमा छ । त्यसपछि पहिलो चरणमा यो मोडलमा काम गर्न चाहने इच्छुक बैंकहरूलाई सूचना आह्वान गर्छौं । बैंकले हामीलाई सूचित गर्नुहुन्छ र बैंकसँग सम्झौता गर्छौं ।’

त्यसपछि वर्षैभरि कृषक, कृषिसँग सम्बन्धित व्यवसायी र उद्यमीहरूले बैंकसँगै सम्झौता गरेर ऋण लिन पाउने उनले बताए । ‘व्यवसायको सम्भावना र चुनौती हेरेर प्रदेश सरकार कृषि मन्त्रालय मातहतको कृषि ज्ञानकेन्द्र तथा विज्ञ केन्द्रले गरेको सिफारिसको आधारमा बैंकले कर्जा लगानी गर्नेछन्,’ पाण्डेले भने, ‘प्रत्येक तीन महिनामा प्रदेश सरकारले तोकिएको ब्याज अनुदान सोझै बैंकलाई दिन्छ ।’

उनका अनुसार त्यस्तो कृषि कर्जामा ब्याज अनुदान लिनका लागि कृषिसँग सम्बन्धित नयाँ या पुराना फर्महरूले पनि प्रस्ताव गर्न पाउँछन् । यसभन्दा अगाडि मन्त्रालयको अनुदान लिएका कृषि फर्महरूको हकमा भने नदिने सचिव पाण्डेले बताए ।

कृषि क्षेत्रमा व्यावसायिक रुपमा उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण तथा कृषि उपजको मूल्य अभिवृद्धिका लागि बैंक, वित्तीय संस्था र सहकारी संस्थामार्फत कृषि कर्जा परिचालन गरी कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराइ कृषि व्यवसाय प्रवर्द्धन गर्न भन्दै प्रदेश सरकारले कार्यविधि ल्याएको हो । चालु आर्थिक वर्षको बजेटमा प्रदेश सरकारले ४० करोड रुपैयाँ कृषि कर्जाको ब्याज अनुदानका लागि छुट्याएको छ ।

कार्यविधिमा कृषि उद्यमीले मन्त्रालय मातहतको निकायमा निवेदन पेस गरेपछि जाँचबुझ गरी दश दिनभित्र प्राविधिक उपयुक्तताको सिफारिस बैंकलाई दिनुपर्ने र बैंकले सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस प्राप्त भएपश्चात् बढीमा एक महिनाभित्र कृषि कर्जा स्वीकृत गर्नुपर्ने व्यवस्था कार्यविधिमा छ ।

बैंकमार्फत लगानी हुने कर्जामा उद्यमीलाई न्यूनतम दश लाख रुपैयाँदेखि अधिकतम तीन करोड रुपैयाँसम्म मन्त्रालयले ब्याज अनुदान दिनेछ । बैंकमार्फत लगानी हुने कृषि कर्जामा मन्त्रालयले ६ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने, तर कुनै बैंकको कृषि कर्जामा लाग्ने ब्याजदर ६ प्रतिशतभन्दा कम भएमा कायम ब्याजदर अनुसार नै ब्याज अनुदान उपलब्ध गराउनेछ ।

# ड्युटीमा बेहोस भएर ढलेका प्रहरी सहायक हवल्दारको मृत्यु



झापा(प्रस) । डोटीमा ड्युटी गर्दागर्दै बेहोस् भएर ढलेका एक जना प्रहरी कर्मचारीको मृत्यु भएको छ । डडेल्धुराको भागेश्वर गाउँपालिका-५ घर भएका ३६ वर्षका प्रहरी सहायक हवल्दार बहादुरसिंह पालीको मृत्यु भएको हो । बुधबार बिहान तीन बजेतिर उनी इलाका प्रहरी कार्यालय बिपिनगरमा कार्यालयको ड्युटीमा खटिएका थिए । उनलाई बिहान तीनदेखि ६ बजेको ड्युटीमा खटाएको थियो। ड्युटीमा रहेका उनी एक्कासि छाती दुख्यो भन्दै बेहोस् भएका थिए।

सोही ठाउँमा रहेको बिपीनगर पोलिक्लिनिकमा सामान्य चेकजाँचपश्चात् थप उपचारका लागि पोलिक्लिनिकले बिहान ४ बजे सेती प्रादेशिक अस्पताल धनगढी रेफर गरेको थियो। अस्पतालमा उपचारका क्रममा बिहान ६:३२ बजे सेती प्रादेशिक अस्पतालमा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय डोटीका डिएसपी भीमलाल भट्टराईले जानकारी दिए । मृतकका परिवारमा श्रीमती र १५ वर्षकी छोरी छन्। प्रहरीका अनुसार उनी पहिला पनि ड्युटीमा रहेका बेला पटक पटक बेहोस भएर ढलेका थिए ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** – आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ ।

**वृष** – वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** – आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** – धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** – आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** – चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** – आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** – पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** – आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** – आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** – मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** – कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।